CDC Journal, Year 32, No. 46, December 2024, DOI: https://doi.org/10.3126/cdj.v32i46.77050
Received Date: September 29, 2024 Accepted Date: December 31, 2024

# अधिस्नातक तह पहिलो सत्रको नेपाली भाषा शिक्षण पाठ्यांशको विश्लेषण

**हर्कबहादुर शाही**
*त्रिवि अनुसन्धान निर्देशनालय*
*Orcid ID: https://orcid.org/0009-0007-4068-3175*
**वीरेन्द्रकुमार बुढा**
*Dronachal Multiple Campus Dullu, TU, Dailekh*
*Orcid ID: https://orcid.org/0009-0005-2460-9763*
***Corresponding Email:*** *birendrabudha37@gmail.com,*

## लेखसार

*पाठ्यांश शीर्षक, परिचय, उद्देश्य, पाठ्यवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीका आधारमा अधिस्नातक तह पहिलो सेमेस्टरको नेपाली भाषा शिक्षण पाठ्यांशको विश्लेषण गर्नु प्रस्तुत अध्ययनको मूल उद्देश्य रहेको छ । अध्ययनका लागि उक्त तहको पाठ्यांश प्राथमिक स्रोत हो भने पाठ्यांशको विश्लेषणसँग सम्बन्धित लेख र सन्दर्भ पुस्तकहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा अधिस्नातक तहका नेपाली शिक्षा विषयको पहिलो सत्रको नेपाली भाषाशिक्षण-१ विषयलाई उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी छनोट गरिएको छ । यसमा विषयवस्तु विश्लेषण विधिको सहायताले पाठ्यांशको विश्लेषण गरिएको छ । यस पाठ्यांशको शीर्षक सङ्क्षिप्त र विषयवस्तुअनुसार सार्थक देखिए पनि पूर्णाङ्क, उत्तीर्णाङ्कका साथै पाठ्यांश अनिवार्य, ऐच्छिक वा थप ऐच्छिक के हो भन्ने कुरा उल्लेख गरिएको छैन । पाठ्यांशमा क्रेडिट आवर र पाठघन्टीबिच सुन्तलन मिलेको देखिँदैन । परिचय खण्डमा पाठ्यांशको प्रयोजन र सङ्क्षिप्त परिचय उल्लेख गरिएको छ, तर यसमा पाठ्यांश निर्माण प्रक्रिया, कृतज्ञता, विशेषता र सीमाको उल्लेख गरिएको छैन । मूल्याङ्कनमा आन्तरिक ४० प्रतिशत र बाह्य ६० प्रतिशत अङ्कभार छुट्याई उपस्थितिलाई तीन, सहभागितालाई दुई र आन्तरिक परीक्षाको लिखित परीक्षालाई बिस अङ्क प्रयोगात्मक परीक्षालाई पन्ध्र अङ्क निर्धारण गरिएको छ । समग्रमा यो पाठ्यांशले विद्यालय तहको नेपाली भाषाशिक्षण गर्दा अपनाउनुपर्ने शिक्षण विधि र मूल्याङ्कन बारेमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान र सिप प्रदान गर्ने ध्येय लिइएको पाइन्छ ।*

***शब्दकुञ्जी*** : अधिस्नातक, उद्देश्य, पाठ्यक्रम, पाठ्यांश, मूल्याङ्कन, शिक्षण प्रक्रिया ।

## विषय परिचय

पाठ्यक्रम शैक्षणिक उद्देश्य हासिल गर्नका लागि आधिकारिक संस्थाद्वारा निर्माण गरिएको शैक्षिक योजना हो । यसले आफ्नो लक्ष्यको पहिले नै दिशा निर्देश गरेको हुन्छ । भाषिक सिप सिकाइका लागि बनाइएको योजना भाषापाठ्यक्रम हो । यो निर्धारित अवधिभित्र क्रमबद्ध भाषाका सिप सिकाइका लागि तयार पारिएको हुन्छ । विषय र माध्यम, साध्य र साधनका रूपमा भाषापाठ्यक्रममा भाषाको स्थान रहन्छ । भाषापाठ्यक्रमबाहेकका अन्य पाठ्यक्रममा भाषा साधन र माध्यमका रूपमा मात्र रहेको हुन्छ । नेपाली भाषापाठ्यक्रमको प्रयोगको सुरूवात राणाकालीन समयमा भएको देखिन्छ । वि.सं १९५८ मा देवशमशेरले खोलेका भाषा पाठशालाहरूमा नेपाली भाषा पठनपाठन हुन थालेपछि भाषापाठ्यक्रमको पृष्ठभूमि तयार भएको हो (शर्मा, २०६८, पृ. ८७) । त्रिभुवन विश्वविद्यालयका विभिन्न पाठ्यक्रमलाई विषयवस्तुको सूचीका रूपमा लिन सकिन्छ । विषयवस्तुको रूपमा रहेको पाठ्यक्रमको धारणा पुरानो र बढी प्रचलनमा रहेको धारणा हो (निउरे, २०७१, पृ. ३४) । भाषाको भूमिका र प्रयोजनका आधारमा भाषापाठ्यक्रम सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् (पौडेल र खतिवडा, २०६७, पृ.२३) । सामान्य किसिमको भाषिक व्यवहार सिकाउने उद्देश्यले निर्माण गरिएका पाठ्यांश सामान्य खालका पाठ्यांश हुन् भने भाषाको विशिष्ट प्रयोजनलाई पूरा गर्नका लागि निर्माण गरिएका पाठ्यांश विशिष्ट पाठ्यांश हुन् । अनिवार्य समूहका नेपाली पाठ्यांश सामान्य हुन् भने विशिष्टीकरण अन्तर्गतका पाठ्यांश विशिष्ट हुन् । सेमेस्टर प्रणालीअन्तर्गत त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत अधिस्नातक तहका नेपाली विषयका पाठ्यांशहरू विशिष्ट पाठ्यांश हुन् ।

भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषाशिक्षणलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन शिक्षकहरूलाई भाषाशिक्षणका नवीन विधि र पद्धतिबारे आवश्यक तालिम दिनु आवश्यक हुन्छ । नेपालको शैक्षिक इतिहासलाई हेर्दा स्कुलमा पढाउने शिक्षक तयार पार्न पहिलो शिक्षक प्रशिक्षण केन्द्र वि. सं. २००४ सालमा स्थापना भएको देखिन्छ (शर्मा, २०६८, पृ.१९०) । संस्कृतमा मध्यमा वा अङ्ग्रेजीमा म्याट्रिक उत्तीर्ण गरेका भाषा पाठशालाका शिक्षक वा अन्य इच्छुक व्यक्तिलाई आधार शिक्षक शिक्षण केन्द्रमा तालिमको निमित्त प्रवेश दिने व्यवस्था गरिएको थियो । त्यसपछि २०१३ सालमा कलेज अफ एजुकेसनको स्थापना भएपछि शिक्षक प्रशिक्षण कार्यक्रमको सुरूवात भएको हो । कलेज अफ एजुकेसनको स्थापनासँगै दश महिनाको पाठ्यक्रम भएको एक बर्से बिएड., तीन बर्से बिएड. तथा चार बर्से बिएड.कार्यक्रम सेमेस्टर प्रणालीमा आधारित भएर सञ्चालन गरिएको थियो (शर्मा, २०७१, पृ. ११० - १११) । जुनसुकै विषयमा स्नातक गरेकाले पनि यस कार्यक्रममा भर्ना हुन सक्ने व्यवस्था गरिएको थियो । यस संस्थाले अन्य विषयका साथै नेपाली भाषा शिक्षण गर्न एक बर्से बिएड.कार्यक्रम सञ्चालन गरेको थियो (शर्मा र पौडेल, २०६०, पृ.१६) । यस कार्यले विदेशमा प्रशिक्षण लिएर आएका प्रशिक्षकहरुद्वारा अङ्ग्रेजी भाषाशिक्षणका नवीन प्रविधिहरु नेपाली भाषाशिक्षणका सन्दर्भमा उपयोग गर्दै विद्यालय तहको नेपाली भाषा पढाउने शिक्षकहरुलाई तालिम दिने काम गरेको थियो । त्यस्तै भाषाशिक्षणको सिप र दक्षता नभएका शिक्षक र त्यसमा पनि मातृभाषा नेपाली नभएका शिक्षकले राम्ररी नेपाली विषय पढाउन नसक्ने भन्दै शिक्षकहरुको स्तरवृद्धि गर्न आर्थिक वर्ष २०२२/०२३ मा नेपाली कसरी पढाउने भन्ने विषयमा तालिम दिएको थियो (शर्मा, २०७१, पृ. १९३) । यस तालिमबाट नेपाली पढाउन आवश्यक सिप र दक्षता हासिल गर्न शिक्षकहरुलाई निक्कै मदत पुगेको देखिन्छ ।

वि.सं. २०२९ सालमा कलेज अफ एजुकेसनलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत गाभेर शिक्षाशास्त्र अध्ययन संस्थानका रुपमा परिवर्तन गरिएको र पछि यो शिक्षाशास्त्र सङ्कायका रुपमा परिणत भएको देखिन्छ (पृ.११४) । शिक्षाशास्त्र सङ्कायअन्तर्गत २०२९ सालमा एक बर्से एमएड. र एक बर्से बिएड. कार्यक्रमको थालनी गरी विभिन्न विषयमा स्नातकोत्तर र स्नातक गरेकाहरुलाई शिक्षण तालिम दिन थालेको पाइन्छ (शर्मा र पौडेल, २०६०, पृ.१७) । त्यो एक बर्से बिएड. कार्यक्रम २०७७ सालसम्म त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले सञ्चालन गरेको थियो । एक बर्से बिएड. कार्यक्रमको कार्यान्वयन प्रक्रियाको कमजोरी र यसको प्रयोगात्मक परीक्षाको उचित व्यवस्थापन हुन नसक्दा विगत दुई दशक यता विभिन्न क्षेत्रबाट थुप्रै आलोचना खेपेपछि २०७७ सालपछि एक बर्से बिएड. कार्यक्रम  खारेज भएको थियो । त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद्को निर्णयअनुसार शिक्षाशास्त्र सङ्कायले एक बर्से बिएड. कार्यक्रम खारेज गरी २०८० सालदेखि अठार महिने सेमेस्टर प्रणालीमा आधारित शिक्षामा अधिस्नातक कार्यक्रम सञ्चालन गर्न गरेको छ ।

शिक्षामा अधिस्नातक कार्यक्रम शिक्षक शिक्षा कार्यक्रमअन्तर्गत विभिन्न विषयमा तालिम लिनका लागि तयार पारिएको नयाँ र परिमार्जित कार्यक्रम हो । तीन सेमेस्टर अर्थात् अठार महिनामा पूरा हुने यस कार्यक्रमले एक बर्से बिएड. कार्यक्रमलाई प्रतिस्थापन गरेको छ । यसमा क्याम्पसमा तोकिएको सैद्धान्तिक र प्रयोगात्मक पाठ्यांश पूरा गरिसकेपछि छात्रशिक्षकले छनोट गरेको विद्यालयमा कम्तीमा छ महिना तालिममा सहभागी हुनुपर्ने व्यवस्था गरिएको छ । यो कार्यक्रम आलोचनात्मक र सहभागीमूलक शिक्षणविधि, विद्यार्थीहरुलाई प्रयोगात्मक क्रियाकलापमा सहभागी र डिजिटल प्रविधिको प्रयोगलाई समेटेर आधारभूत तथा माध्यमिक तहका शिक्षकको पेसागत क्षमता विकासका लागि तयार पारिएको हो । तीन सेमेस्टरमा बाँडिएको उक्त कार्यक्रमको पहिलो सेमेस्टर र दोस्रो सेमेस्टरमा पन्ध्र पन्ध्र र तेस्रो सेमेस्टरमा नौ क्रेडिट आवर गरी जम्मा उनन्चालिस क्रेडिट आवरमा पाठ्यांशलाई बाँडिएको छ (त्रिवि. शिक्षाशास्त्र  सङ्काय, २०८०, पृ.७ - ११) । पहिलो सेमेस्टरमा अनिवार्य विषयका रुपमा तीनओटा र विशिष्टीकरण विषयका रुपमा दुईओटा तीन तीन क्रेडिट आवरका पाँचओटा पाठ्यांश राखिएको छ । दोस्रो सेमेस्टरमा अनिवार्य विषय दुईओटा, विशिष्टीकरण विषय दुईओटा  र इलेक्टिभ विषय एउटा गरी तीन तीन क्रेडिट आवरका पाँचओटा विषय राखिएको छ भने तेस्रो सेमेस्टरमा एउटा नौ क्रेडिट आवरको प्रयोगात्मक विषयको व्यवस्था गरिएको छ । पहिलो सेमेस्टरमा तीन ओटा अनिवार्य र दुई ओटा विशिष्टीकरण विषय राख्न पाउने व्यवस्था गरिएको छ । विशिष्टीकरण विषयलाई तीनओटा समूहमा राखिएको छ । कुनै दुई समूहबाट प्रथम सेमेस्टरमा विषयहरु छनोट गर्न पाउने व्यवस्था छ । तीनओटा समूहमध्ये समूह क अन्तर्गत नेपाली शिक्षा विषयलाई समावेश गरिएको छ । यो विषय छनोट गर्ने विद्यार्थीहरुले पहिलो सेमेस्टरमा नेपाली भाषाशिक्षण (नेपा. शि. ४७१) विषय पढ्नुपर्ने हुन्छ । पाठ्यांश निर्माणपछि यसको उपयुक्तता र प्रभावकारिता जाँच गर्न पाठ्यांशको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु जरूरी हुन्छ । पौडेल (२०७९) ले पाठ्यक्रम निर्माणका सिद्धान्तका आधारमा कक्षा दशको नेपाली पाठ्यक्रम (२०७१) को अध्ययन विश्लेषण गरेका छन् । अध्ययनबाट उक्त पाठ्यक्रम सम्प्रेषणात्मक, रचनामुखी, भाषिक सिपमा आधारित पद्धति, सक्षमतामा आधारित र संरचनात्मक भएको निष्कर्ष प्राप्त भएको छ । अधिकारी (२०७९) ले पाठ्यक्रमका तत्त्वगत आधारमा माध्यमिक नेपाली भाषापाठ्यक्रमको समीक्षात्मक

मूल्याङ्कन गरेका छन् । उनले उक्त भाषापाठ्यक्रम समयसापेक्ष, प्रयोगात्मक र व्यावहारिक भएको निष्कर्ष दिएका छन् । शर्मा (२०७९) ले स्टफबिमको सिआइपिपी नमुना (सन् १९८३) का आधारमा त्रिभुवन विश्वविद्यालयको एक बर्से बिएड. कार्यक्रमको मूल्याङ्कन गरेका छन् । अध्ययनबाट उक्त पाठ्यक्रम शिक्षण पेसामा संलग्न हुन चाहने विद्यार्थीका लागि एकदमै उपयोगी भए पनि यसको मापन र मूल्याङ्कन प्रक्रिया प्रभावकारी नभएको निष्कर्ष प्राप्त भएको छ । भट्ट र पोखरेल (२०८०) ले भाषापाठ्यक्रमअनुरुपताका आधारमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको विश्लेषण गरेका छन् । अध्ययनबाट उक्त पाठ्यपुस्तक भाषापाठ्यक्रमअनुरुप तयार पारिएको, निर्दिष्ट कक्षाका पूर्ववर्ती पाठ्यपुस्तकका तुलनामा बढी व्यावहारिक तथा कार्यकलापमुखी बनाइएको निष्कर्ष प्राप्त भएको छ । उपर्युक्त अध्ययनहरु भाषापाठ्यक्रम, पाठ्यांश र पाठ्यपुस्तकसँग सम्बन्धित भए पनि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले वि.सं.२०८० देखि कार्यान्वयनमा ल्याएको तीन सेमेस्टरको शिक्षामा अधिस्नातक (पिजिडिई) कार्यक्रमअन्तर्गत नेपाली शिक्षा विषयको पहिलो सेमेस्टरको नेपाली भाषा शिक्षण-१ विषयको पाठ्यांशको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेको देखिँदैन । तसर्थ उक्त पाठ्यांशको शीर्षक, परिचय, उद्देश्य, पाठ्यवस्तु र यसको वितरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको प्रस्तुति पाठ्यांश निर्माणको सिद्धान्तअनुसार गरिएको छ कि छैन भन्ने कुरा नै यस अध्ययनको मूल समस्या र विषय रहेको छ ।

## अध्ययन विधि

गुणात्मक ढाँचामा आधारित यस अध्ययनमा शिक्षामा अधिस्नातक तहका नेपाली शिक्षा विषयका सम्पूर्ण पाठ्यांशहरूमध्ये विशिष्टीकरण विषयका रूपमा समावेश गरिएको पहिलो सेमेस्टरको नेपाली भाषा शिक्षण-१ को पाठ्यांशलाई उद्देश्यमूलक नमुना छनोट विधिको सहायताले छनोट गरिएको छ । द्वितीयक स्रोतबाट प्राप्त जानकारी र विषयवस्तु विश्लेषण विधिको सहायताले पाठ्यांश निर्माणसम्बन्धी वुलकक (सन् २००६) को सिद्धान्तका आधारमा पाठ्यांशको विश्लेषण गरिएको छ । पाठ्यांश निर्माण गर्दा पाठ्यांशको लक्ष्य र उद्देश्य, पाठ्यांशको विषयवस्तु र क्रम, विद्यार्थी मूल्याङ्कन र पाठ्यांशको मूल्याङ्कन, पाठ्यांशको प्रबन्धन र प्रस्तुति, शिक्षण कौशलता र पाठ्यांश जस्ता कुराहरूलाई ध्यान दिनुपर्दछ (वुलकक, सन् २००६, पृ. १२-२५) । उक्त पाठ्यांशको उपर्युक्त सिद्धान्तका आधारका पाठ्यांश शीर्षक, पाठ्यवस्तुको परिचय, पाठ्यांशको उद्देश्य, पाठ्यवस्तु र त्यसको विवरण, मूल्याङ्कन प्रक्रिया, शिक्षण प्रक्रिया र सन्दर्भसामग्रीको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

### सैद्धान्तिक अवधारणा

भाषापाठ्यक्रम एक व्यापक मार्गदर्शक कार्यक्रम हो जसलाई विशेष भाषिक उद्देश्यहरू प्राप्त गर्नका लागि तयार गरिएको हुन्छ । यसले शिक्षार्थीका स्तर र क्षमताअनुसार भाषिक सिपहरूको विकासमा सहयोग पुर्‍याउँछ । पाठ्यक्रमको विश्लेषण गर्नका लागि निश्चित आधार तय गरिएको हुन्छ । वुलकक (सन् २००६) का अनुसार पाठ्यांश निर्माण गर्दा पाठ्यांशका लक्ष्य र उद्देश्य, पाठ्यांशको विषयवस्तु र क्रम, विद्यार्थी मूल्याङ्कन र पाठ्यांशको मूल्याङ्कन, पाठ्यांशको प्रबन्धन र प्रस्तुति, शिक्षण

कौशलता र पाठ्यांश जस्ता मुख्य पाँचओटा कुराहरूलाई आधार बनाउनुपर्ने हुन्छ (पृ. १२-२५) । त्यसैगरी शर्मा र पौडेल (२०६०) ले पाठ्यांश शीर्षक, पाठ्यांश परिचय, पाठ्यांशको उद्देश्य, पाठ्यवस्तु र त्यसको वितरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, र सन्दर्भ सामग्रीलाई आधार मान्नुपर्ने धारणा व्यक्त गरेका छन् (पृ ३३३-३३८) । यस अध्ययनमा वुलकक (सन् २००६) र शर्मा र पौडेल (२०६०) ले प्रस्ताव गरेका पाठ्यक्रम विश्लेषणका आधारहरूलाई मुख्य आधारको रूपमा प्रयोग गरिएको छ । उक्त पाठ्यवस्तुलाई पाठ्यांश शीर्षक, परिचय, उद्देश्य, पाठ्यवस्तु र यसको वितरण, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, र सन्दर्भ सामग्रीका आधारमा मूल्याङ्कन गरिएको छ । पाठ्यांश शीर्षक स्पष्ट, सूचनामूलक, सङ्क्षिप्त र विषयवस्तुको प्रतिनिधित्व गर्ने हुनुपर्छ । यसअन्तर्गत विषयको प्रकृति, पठनमा लाग्ने समय, पूर्णाङ्क र उत्तीर्णाङ्क उल्लेख गरिएको हुनुपर्दछ । परिचयमा पाठ्यांशको प्रयोजन, निर्माण प्रक्रिया, विषयवस्तुको सङ्क्षिप्त परिचय र सीमाहरू समावेश गरिनुपर्छ । त्यसैगरी, उद्देश्य खण्डमा साधारण र विशिष्ट गरी दुई प्रकारका उद्देश्यहरू राखिनुपर्छ । साधारण उद्देश्यहरू लामो समयपछि पूरा हुने खालका हुन्छन् भने विशिष्ट उद्देश्यहरू छोटो समयमा पूरा हुने खालका हुन्छन् । उद्देश्यहरू स्पष्ट, सरल, व्यावहारिक, मापनीय र समय सीमाभित्र पूरा गर्न सकिने खालको हुनुपर्छ (शर्मा र पौडेल, २०६७, पृ. ३३४) । पाठ्यवस्तु विद्यार्थीको रूचि र आवश्यकताका आधारमा छनोट गर्नुपर्छ र पाठ्यांशमा शिक्षण विधिहरू र पद्धतिहरूको उल्लेख गरिनुपर्छ ।

पाठ्यांशको प्रकृतिअनुसार मूल्याङ्कनको व्यवस्था गरिएको हुनुपर्छ । मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक मूल्याङ्कनको प्रकार र प्रकृति के हुने हो, त्यसको उल्लेख गर्नुपर्छ । पाठ्यांशको अन्त्यमा विषयवस्तुअनुसारका पाठ्यसामग्रीका नाम उल्लेख गर्नुपर्छ र बजारमा सजिलै उपलब्ध हुने सामग्रीलाई प्राथमिकता दिनुपर्छ । यदि कुनै सामग्री कठिनाइका कारण उपलब्ध नभएमा, त्यसलाई सन्दर्भ सूचीमा समावेश नगर्नु उपयुक्त हुन्छ । यस अध्ययनमा उपर्युक्त सिद्धान्तअनुसार शिक्षामा अधिस्नातक तहको पहिलो सेमेस्टरको नेपाली भाषा शिक्षण-१ पाठ्यांशको मूल्याङ्कन गरिएको छ ।

## प्राप्ति र छलफल

शिक्षामा अधिस्नातक तहको पहिलो सेमेस्टरमा समाविष्ट नेपाली भाषा शिक्षण-१ पाठ्यांशको विश्लेषणका लागि वुलकक (सन् २००६) र शर्मा र पौडेल (२०६०) को पाठ्यांश अध्ययनका आधारलाई लिइएको छ । पाठ्यांश अध्ययनका लागि पाठ्यांश शीर्षक, पाठ्यांश परिचय, उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र सन्दर्भसामग्रीका आधारमा छलफल र विश्लेषण गरिएको छ । त्यसका लागि त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले २०८० सालमा निर्माण गरी प्रयोगमा ल्याएको अधिस्नातक तह पहिलो सत्रको नेपाली भाषाशिक्षण -१ (नेपा. शि. ४७१) को पाठ्यांशलाई तालिकीकरण गरी अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

### पाठ्यांश शीर्षक

पाठ्यांशको सबभन्दा माथिल्लो भागमा राखिने र शीर्ष सूचना दिने तत्त्वलाई शीर्षक भनिन्छ । यो सूचनामूलक हुनुका साथै सङ्क्षिप्त, स्पष्ट र विषयवस्तुअनुसार सार्थक हुनुपर्दछ । यसअन्तर्गत तह, नाम, सेमेस्टर, विषयको प्रकृति, कोड न., पूर्णाङ्क, उत्तीर्णाङ्क, वार्षिक, साप्ताहिक र दैनिक

शिक्षणीय समय स्पष्टसाथ उल्लेख गरिएको हुनुपर्छ (शर्मा र पौडेल, २०६०, पृ. ३३४) । शिक्षामा अधिस्नातक तह पहिलो सेमेस्टरमा पठनपाठन हुने विशिष्टीकरण विषय नेपाली भाषा शिक्षण-१ को पाठ्यांश शीर्षकको सङ्क्षिप्त चर्चा यसप्रकार गरिएको छ ।

पाठ्यांश शीर्षकअन्तर्गत पाठ्यांश शीर्षकको नाम नेपाली भाषा शिक्षण-१ दिइएको छ । पाठ्यांश सङ्ख्या नेपा.शि. ४७१, पाठ्यांश प्रकृति सैद्धान्तिक र प्रयोगात्मक भनेर राखिएको छ । क्रेडिट आवरलाई सैद्धान्तिक २ र प्रयोगात्मक १ गरी ३ तोकिएको छ । तहमा शिक्षामा अधिस्नातक र सेमेस्टरमा प्रथम भनेर राखिएको छ । प्रति हप्ता पाठघन्टी ३ र जम्मा पाठघन्टी ३२ सैद्धान्तिक र ३२ प्रयोगात्मक गरी ६४ तोकिएको छ (त्रिवि, शिक्षाशास्त्र सङ्काय, २०८०, पृ. २४७) । पाठ्यांश शीर्षक सूचनामूलक र व्यावहारिक छ । यसमा शीर्षक खण्डमा दिइने सबै सूचनाहरू समावेश गरिएको छ तर पूर्णाङ्क र उत्तीर्णाङ्क भने राखिएको छैन । त्यसैगरी यो पाठ्यांश अनिवार्य, ऐच्छिक वा थप ऐच्छिक के हो भन्ने कुरा पनि खुलाइएको छैन । सैद्धान्तिक र प्रयोगात्मकलाई समान क्रेडिट आवर दिइएको छैन तर पाठघण्टी भने समान दिइएको छ ।

## पाठ्यांश परिचय

पाठ्यांश शीर्षकपछि पाठ्यांश परिचय राखिएको हुन्छ । यसमा शीर्ष सूचनाभन्दा अलि विस्तृत जानकारी दिइएको हुन्छ । यसमा कुन तह वा कक्षा पार गरेका कुन तह वा कक्षामा पढ्ने विद्यार्थीका लागि तयार पारिएको हो त्यसको जानकारी दिइएको हुन्छ । त्यसैगरी यसमा पाठ्यांशको प्रयोजन, पाठ्यवस्तुको सङ्क्षिप्त परिचय, पाठ्यांश निर्माणका विधि र प्रक्रियाहरु, पाठ्यांशको प्रस्तुतीकरणका तरिका र पाठ्यांशका विशेषता तथा सीमा समावेश गरिएको हुनुपर्छ (शर्मा र पौडेल, २०६०, पृ. ३३४) । यसर्थ पाठ्यांश तयार पार्दा यस खण्डलाई यथेष्ट सूचनामूलक बनाउनु पर्दछ । पाठ्यांश भनेको अध्ययन गर्नुपर्ने विषयको रूपरेखा हो (सिंह, सन् २०१५, पृ.९६) । नेपाली भाषा शिक्षण पाठ्यांशको पाठ्यांश परिचय खण्डमा यसप्रकारका सूचना दिइएको छ । यसमा प्रस्तुत पाठ्यांश त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत अधिस्नातक तहको सेमेस्टर प्रणालीको प्रथम सेमेस्टरमा आधारित नेपाली शिक्षा विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरुका लागि तयार पारिएको र नेपाली मूल विषय लिई स्नातक उत्तीर्ण विद्यार्थीले पढ्न सक्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी यसमा पाठ्यवस्तुको सङ्क्षिप्त विवरण पनि दिइएको छ र पाठ्यांशको अध्ययनपश्चात् विद्यार्थीमा पाठ्यक्रमअनुरुप पाठ्यपुस्तकको निर्माण गरी शिक्षण योजना र सामग्री निर्माण एवम् तत्सम्बन्धी प्रयोगको ज्ञान, सिप आर्जन गर्ने अपेक्षा राखिएको कुरा उल्लेख छ (शिक्षाशास्त्र सङ्काय, २०८०, पृ. २४७) । यो पाठ्यक्रम सम्बन्धित तहका विद्यार्थीहरूमा नेपाली भाषा शिक्षणको ज्ञान र कौशल आर्जन गर्ने उद्देश्यले तयार पारिएको देखिन्छ ।

उक्त पाठ्यांश परिचय खण्डको अध्ययन गर्दा पाठ्यक्रमको सिद्धान्तअनुसार पाठ्यांश परिचय खण्डमा समावेश हुनुपर्ने कुराहरु समावेश गरिएको देखिन्छ र यो सूचनामूलक पनि छ । तर यस कार्यक्रममा सहभागी हुन नेपाली मूल विषय लिई स्नातक तह उत्तीर्ण गरेका विद्यार्थी मात्र भनिएको छ कुन कुन सङ्कायबाट उत्तीर्ण भन्ने स्पष्ट पारिएको छैन । पाठ्यांश निर्माणका विधि र प्रक्रियाको चर्चा

पनि गरिएको छैन । साथै पाठ्यांशका उल्लेख्य विशेषता र सीमाको पनि चर्चा गरिएको देखिदैन । तसर्थ पाठ्यांशमा उल्लिखित कुरालाई समावेश गर्नुपर्ने देखिन्छ ।

## उद्देश्य

पाठ्यक्रमको महत्त्वपूर्ण अङ्गको रूपमा उद्देश्यलाई लिइएको हुन्छ । यसलाई पाठ्यक्रमको केन्द्रीय तत्त्व पनि मानिन्छ । यसकै आधारमा अन्य तत्त्वहरू निर्देशित हुन्छन् । लक्ष्य र उद्देश्य एकआपसमा अन्तर्सम्बन्धित हुनु पर्दछ (वुलकक, सन् २००६, पृ. १२) । विद्यार्थीमा हासिल हुने ज्ञान, सिप, अभिवृत्ति नै उद्देश्य हो । यो स्पष्ट, सरल, व्यावहारिक, मापनीय, क्रमबद्ध र निर्धारित समयसीमाभित्र सकिने खालको हुनुपर्दछ (शर्मा र पौडेल, २०६०, पृपृ. ३३४-३३५) । पाठ्यक्रम निर्माताले सिकारू, समाज र संस्कृतिसँगै विषयवस्तुको विश्लेषण गरेर उद्देश्यको निर्धारण गर्नुपर्दछ (टाबा, सन् १९६२, पृ.९९) । उद्देश्यअन्तर्गत यस पाठ्यांशमा साधारण उद्देश्य र विशिष्ट उद्देश्यको उल्लेख गरिएको छ । यसका आधारमा तहगत उद्देश्य तयार पारिन्छ । तहगत उद्देश्य भने उल्लेख गरिएको छैन लामो समयपछि पूरा हुने उद्देश्यलाई साधारण र छोटो समयमै पुरा हुने उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ (शर्मा र पौडेल, २०७५, पृ. ६२) । पाठ्यांशमा रहेका साधारण र विशिष्ट उद्देश्य यसप्रकार रहेका छन् :

### *साधारण उद्देश्य*

लामो समयमा पूरा हुने पाठ्यक्रमका उद्देश्यलाई साधारण उद्देश्य भनिन्छ (शर्मा र पौडेल, २०६८, पृ. ६२) । शिक्षामा अधिस्नातक तहको नेपाली शिक्षा विषयअन्तर्गत पहिलो सेमेस्टरको नेपाली भाषा शिक्षण-१ पाठ्यांशका साधारण उद्देश्यहरू यसप्रकार छन् (शिक्षाशास्त्र सङ्काय, २०८०, पृ. २४७) :

- भाषा पाठ्यक्रमका प्रकारगत विशेषता र तिनका ढाँचासँग परिचित हुँदै पाठ्यक्रम निर्माणको कौशल अभिवृद्धि गर्ने,
- पाठ्यक्रमअनुरुपताका आधारमा विद्यालय तहका नेपाली भाषा पाठ्यक्रमको अध्ययन र मूल्याङ्कन प्रक्रियासँग परिचित गराउने,
- आन्तरिक र बाह्य विशेषताका आधारमा आधारभूत वा माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन गर्ने दक्षता आर्जन गर्ने,
- अध्यापन योजनाका विविध प्रकारसँग परिचित भई नेपाली भाषा शिक्षणमा तिनको सन्दर्भअनुकूल उपयोग गर्ने सिप पहिल्याउने र
- नेपाली भाषा शिक्षणमा प्रयुक्त हुने शिक्षण सामग्रीको परिचय, प्रकार र ढाँचा पहिल्याई तिनको निर्माण र प्रयोग गर्ने कलामा अभ्यस्त हुने ।

माथिका सबै साधारण उद्देश्य विषयवस्तुअनुसार उपयुक्त छन् । उल्लिखित साधारण उद्देश्यमा प्रयुक्त विविध, क्षमता अभिवृद्धि गर्ने, परिचित गराउने, आर्जन गर्ने, पहिल्याउने र अभ्यस्त हुने जस्ता क्रियापदावलीले उद्देश्यलाई मापनीयता कायम गर्न अप्ठ्यारो भए पनि साधारण उद्देश्यको रूपमा भने समावेश गर्नु उपयुक्त नै देखिएको छ । साधारण उद्देश्य स्पष्ट र व्यावहारिक देखिन्छन् ।

## *विशिष्ट उद्देश्य र पाठ्यविषय*

यस पाठ्यांशमा विशिष्ट उद्देश्य र पाठ्यविषय सँगसँगै समावेश गरिएको छ । विशिष्ट उद्देश्य भनेका छोटो समयमा पूरा हुने र साधारण उद्देश्य प्राप्तिमा चरणबद्ध सहयोग पुऱ्याउने सटिक उद्देश्यहरु हुन् । विशिष्ट उद्देश्यहरु स्पष्ट, सरल, सुबोध र व्यावहारिक हुनुका साथै स्तरयुक्त, दर्शनीय, मापनीय र समयमै पूरा हुने खालका हुनुपर्दछ (शर्मा र पौडेल, २०६०, पृ. २३५) । त्यस्तै पाठ्यवस्तु उद्देश्य खण्डमा निर्देशित अपेक्षा उपलब्धि क्षेत्रका मर्मका सीमामा बाँधिएर क्रमबद्ध रुपमा प्रस्तुत गरिएको हुनुपर्दछ । पाठ्यवस्तु विद्यार्थीको रूचि, स्तर, आवश्यकता, पृष्ठभूमि र क्षमताअनुरुप शैक्षणिक र मनौवैज्ञानिक अनुक्रममा बाँधिएको हुनुपर्दछ । यस विषयमा समाविष्ट विशिष्ट उद्देश्य र पाठ्यविषयको एकाइगत विश्लेषण यसप्रकार गरिएको छ :

**तालिका १**

*नेपाली भाषापाठ्यक्रमको अध्ययन*

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
| --- | --- |
| भाषापाठ्यक्रमको परिचय दिई पाठ्यक्रम र पाठ्यांशबिचको भिन्नता छुट्याउन, | एकाइ एक : नेपाली भाषापाठ्यक्रमको अध्ययन (१०+१० ≠ २०) |
| प्रकारगत आधारमा भाषापाठ्यक्रमका विशेषता केलाउन, | १.१ भाषापाठ्यक्रमको परिचय |
| | १.२ पाठ्यक्रम र पाठ्यांश |
| भाषापाठ्यक्रम निर्माणका सामान्य सिद्धान्तहरूको चर्चा गर्न, | १.३ भाषापाठ्यक्रमका प्रकार |
| | १.३.१ पद्धतिनिष्ठता |
| भाषापाठ्यक्रमको ढाँचागत स्वरूप तयार पार्न, | १.३.२ प्रबन्धनिष्ठता |
| विद्यालय तहको नेपाली भाषापाठ्यक्रमको ऐतिहासिक पृष्ठभूमि केलाउन, | १.३.३ प्रयोजनपरकता |
| माध्यमिक तहका निर्धारित नेपाली भाषापाठ्यक्रमहरूको अध्ययन गरी तिनका विशेषता औँल्याउन, | १.४ भाषापाठ्यक्रम निर्माणका सामान्य सिद्धान्तहरू |
| | १.५ भाषापाठ्यक्रमको ढाँचा |
| आधारभूत तह (कक्षा ६, ७ र ८) को नेपाली भाषापाठ्यक्रमको अध्ययन गरी तिनका विशेषता निर्धारण गर्न । | १.६ विद्यालय तहको नेपाली भाषापाठ्यक्रमको ऐतिहासिक पृष्ठभूमि |
| | १.७ माध्यमिक तहका नेपाली भाषापाठ्यक्रम (वि.सं. २०२८, २०५५, २०६४ र २०७८) को अध्ययन |
| | १.८ आधारभूत तहको नेपाली भाषापाठ्यक्रम (२०७७) को अध्ययन |

तालिकाअनुसार नेपाली भाषाशिक्षणको यस एकाइले नेपाली भाषापाठ्यक्रमको आधारभूत ज्ञान दिन खोजेको छ । यस एकाइमा सातओटा उद्देश्य र ती उद्देश्य पूरा गर्न आठओटा पाठ्यविषय राखिएको छ । यसमा भाषापाठ्यक्रमको परिचय र प्रकार, भाषापाठ्यक्रम निर्माणका सामान्य सिद्धान्तहरू,

भाषापाठ्यक्रमको ढाँचा, विद्यालय तहको नेपाली भाषापाठ्यक्रमको ऐतिहासिक पृष्ठभूमि, माध्यमिक तह र आधारभूत तहको नेपाली भाषापाठ्यक्रमको अध्ययनबारे चर्चा गरिएको छ । माथि उल्लिखित यस पहिलो एकाइमा समाविष्ट अधिकांश उद्देश्य मापनीय र स्पष्ट छन् । तर सामान्य सिद्धान्तहरुको चर्चा गर्न र विशेषता औँल्याउन जस्ता क्रियापदावलीको पनि प्रयोग गरिएको देखिन्छ । त्यसैगरी भाषापाठ्यक्रमका प्रकारमा प्रस्तुत गरिएको पद्धतिनिष्ठता, प्रबन्धनिष्ठता र प्रयोजनपरकता मात्र भनेर उल्लेख गर्दा विद्यार्थी अलमलमा पर्ने देखिन्छ । त्यसलाई पद्धतिनिष्ठताको आधार, प्रबन्धनिष्ठताको आधार र प्रयोजनपरकाताको आधार भनेर उल्लेख गर्नु उपयुक्त हुने देखिन्छ । माध्यमिक तहको निर्धारित नेपाली भाषापाठ्यक्रमको अध्ययन भनिएको छ तर माध्यमिक तह कुन कुन कक्षा हो स्पष्ट किटान गरिएको छैन । यस पाठ्यांशको मक्सदअनुसार कक्षा छदेखि दश भए तापनि प्रष्ट पारिएको छैन जुन प्रष्ट पार्नु आवश्यक देखिन्छ । उद्देश्य खण्डमा आधारभूत तहको नेपाली भाषापाठ्यक्रम कक्षा ६, ७ र ८ भनी उल्लेख भए तापनि पाठ्यविषय खण्डमा आधारभूत तह मात्र भनेर अन्योल सिर्जना गरेको देखिन्छ । पाठ्यांशमा समावेश गरिएका विषयवस्तुको स्तरण मिलेको नै देखिन्छ तर भाषापाठ्यक्रमको परिचय र भाषापाठ्यक्रमका प्रकारपछि पाठ्यक्रम र पाठ्यांशको भिन्नता राख्दा अझ उपयुक्त हुने देखिन्छ । पहिला आधारभूत तहको पाठ्यक्रमको अध्ययन गराइसकेपछि माध्यमिक तहको पाठ्यक्रम अध्ययन गराउनु तहगत आधारमा पनि उपयुक्त हुने भएकाले त्यो क्रम मिलेको देखिँदैन । तसर्थ स्तरणको सिद्धान्तअनुसार तहगत र कक्षागत रुपमा विषयवस्तु राख्नुपर्ने देखिन्छ । त्यसैगरी पाठ्यविषय खण्डमा एकाइ एकको शीर्षकपछि कोष्ठकमा १०+१०=२० भनेर पाठघन्टीलाई राखिएको छ तर यसलाई पाठघन्टी भनेर स्पष्ट किटान नभएकाले यो पाठघन्टी हो वा अङ्कभार हो भनेर अलमल पर्ने देखिन्छ । तसर्थ पाठघन्टी र अङ्कभार पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने देखिन्छ ।

**तालिका २**

*नेपाली भाषापाठ्यपुस्तकको अध्ययन*

| विशिष्ट उद्देश्य | पाठ्यविषय |
|---|---|
| भाषापाठ्यपुस्तकको परिचय दिन, | एकाई दुई : नेपाली भाषापाठ्यपुस्तकको अध्ययन |
| भाषापाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर्सम्बन्ध ठम्याउन, | (१०+१० = २०) |
| भाषा र अन्य विषयका पाठ्यपुस्तकको भिन्नता छुट्याउन, | २.१ भाषा पाठ्यपुस्तकको परिचय |
| भाषापाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषता औँल्याउन, | २.२ भाषापाठ्यक्रमर भाषापाठ्यपुस्तकको अन्तर्सम्बन्ध |
| परम्परागत आधुनिक भाषा र पाठ्यपुस्तकको अन्तर | २.३ भाषापाठ्यपुस्तक र अन्य पाठ्यपुस्तक |
| छुट्याउन, | २.४ भाषापाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषता |
| भाषापाठ्यपुस्तक निर्माणका आधारको चर्चा गर्न, | २.६ परम्परागत र आधुनिक भाषापाठ्यपुस्तक |
| नेपाली भाषापाठ्यपुस्तकको ऐतिहासिक पृष्ठभूमि बताउन, | २.७ भाषापाठ्यपुस्तक निर्माणका आधारहरू |
| आन्तरिक र बाह्य विशेषताका आधारमा माध्यमिक तहका | २.८ नेपाली भाषापाठ्यपुस्तकको ऐतिहासिक पृष्ठभूमि |
| निर्धारित नेपाली भाषापाठ्यपुस्तकको अध्ययन गर्न, | २.९ माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकहरूको |
| आधारभूत तहअन्तर्गत कक्षा ६, ७ र ८ का वर्तमान | (वि.सं. २०२८, २०५५. २०६४ र २०७८) को अध्ययन |
| नेपाली भाषापाठ्यपुस्तकको अध्ययन गरी तिनका | २.१० आधारभूत तह (६, ७ र ८) का वर्तमान नेपाली |
| विशेषता औल्याउन । | भाषापाठ्यपुस्तकको अध्ययन |

तालिकाअनुसार यस एकाइले नेपाली भाषापाठ्यपुस्तकका बारेमा आधारभूत ज्ञान दिन खोजेको देखिन्छ । यस एकाइमा नौ ओटा विशिष्ट उद्देश्य र दश ओटा पाठ्यविषय समावेश गरिएको छ । यसमा भाषापाठ्यपुस्तकको परिचय, भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तकको अन्तर्सम्बन्ध, भाषापाठ्यपुस्तक र अन्य पाठ्यपुस्तक, भाषापाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषता, भाषापाठ्यपुस्तक निर्माणका आधारहरु, नेपाली भाषापाठ्यपुस्तकको ऐतिहासिक पृष्ठभूमि, माध्यमिक तथा आधारभूत तहका पाठ्यपुस्तकको अध्ययन जस्ता पाठ्यविषयहरु समावेश गरिएको छ । यस एकाइमा ठम्याउन, औँल्याउन र अध्ययन गर्न जस्ता क्रियापदावलीले उद्देश्यलाई अमापनीय बनाउनुका साथै अस्पष्ट बनाएका छन् । भाषापाठ्यपुस्तकका निर्माणका आधार र आधारभूत तहका पाठ्यपुस्तको अध्ययनका आधारबारे थप विस्तृति दिनुपर्ने देखिन्छ । नेपाली भाषापाठ्यपुस्तक निर्माणमा देखिएका समस्याबारे पनि चर्चा गर्नुपर्ने देखिन्छ । समाविष्ट पाठ्यवस्तुको स्तरण मिलेको देखिन्छ । यस एकाइमा समाविष्ट उद्देश्य र पाठ्यविषय उपयुक्त नै देखिन्छ । यस एकाइमा एकाइ शीर्षसँगै कोष्ठकमा राखिएको १०+१०=२० अङ्कले पनि पाठघन्टी र अङ्कभारबारे स्पष्ट सङ्केत नगरेकाले स्पष्ट रुपमा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । त्यस्तै पाठघन्टी पनि १०+१०=२० ले भन्न खोजेको कुरा स्पष्ट पार्नुपर्ने देखिन्छ ।

**तालिका ३**

*अध्यापन योजना निर्माण*

| उद्देश्य | पाठ्यविषय |
|---|---|
| अध्यापन योजनाको परिचय दिई त्यसको प्रयोजन बताउन, | ***एकाइ तीन : अध्यापन योजना निर्माण (७+७ = १४ )*** |
| वार्षिक योजना, कार्ययोजना र एकाइ योजनाको पचियसहित ती योजना निर्माण गरी कार्यान्वयन गर्न, | ३.१ अध्यापन योजनाको परिचय र प्रयोजन<br>३.२ वार्षिक योजनाको परिचय र निर्माण<br>३.३ कार्ययोजनाको परिचय र निर्माण |
| विविध विधा र भाषातत्त्वमा आधारित भई दैनिक पाठयोजना र लघु पाठ योजना निर्माण गरी तदनुकूल शिक्षण गर्न | ३.४ एकाइ योजनाको परिचय र निर्माण<br>३.५ पाठयोजनाको परिचय, निर्माण र प्रयोग<br>३.५.१ दैनिक पाठयोजनाको परिचय<br>३.५.२ दैनिक पाठयोजना निर्माण र प्रयोग<br>३.५.३ लघु पाठयोजनाको परिचय<br>३.५.४ लघु पाठयोजना निर्माण र प्रयोग |

तालिकाअनुसार यस एकाइमा भाषा शिक्षण गर्दा आवश्यक पर्ने विभिन्न योजनाहरुको चर्चा गरिएको देखिन्छ । अध्यापन योजना शिक्षकले प्रभावकारी एवम् उद्देश्यपूर्ण शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्नका लागि निर्माण गरिन्छ । यस एकाइमा तीनओटा उद्देश्य राखेर त्यसलाई पाँचओटा पाठ्यविषयमा विषयवस्तुलाई व्यस्थापन गरिएको छ । यसमा अध्यापन योजनको परिचय र प्रयोजन, वार्षिक कार्ययोजना, कार्ययोजना, एकाइ योजना र पाठयोजनाको परिचय र निर्माण जस्ता

पाठ्यविषय राखिएको छ । यसको पठनपाठनका लागि चौध पाठघन्टी छुट्याइएको छ । विशिष्ट उद्देश्यहरु मापनीय देखिन्छन् र उद्देश्य पूरा गर्न राखिएका पाठ्यविषय पनि उपयुक्त नै देखिएका छन् । पाठ्यवस्तुको स्तरण सरलदेखि जटिलको क्रममा व्यवस्थित गरिएको छ । यस एकाइमा दैनिक कार्यतालिकाको निर्माण र प्रयोग पनि समावेश गरिएको देखिदैन जुन समावेश गर्नुपर्ने देखिन्छ । उक्त पाठ्यविषयलाई पूरा गर्न चौध पाठघन्टीको व्यवस्था गरिएको छ । तर यसलाई खालि एकाइ शीर्षकको पछाडि कोष्ठकमा ७+७=१४ उल्लेख गरिएको छ जसले स्पष्ट रुपमा के सङ्केत गर्न खोजेको हो स्पष्ट देखिँदैन । यस एकाइको अङ्कभार कति हो भन्ने पनि उल्लेख गरेको देखिँदैन । त्यसैले एकाइ अङ्कभार पनि तोक्नुपर्ने देखिन्छ ।

**तालिका ४**

*शिक्षण सामग्री निर्माण र प्रयोग*

| उद्देश्य | पाठ्यविषय |
|---|---|
| शिक्षण सामग्रीको परिचय दिई नेपाली भाषा शिक्षणमा यसको आवश्यकता औंल्याउन,<br>शिक्षण सामग्रीको परिचयसहित नेपाली भाषा शिक्षणका लागि सामग्री (श्रव्य, दृश्य, श्रव्यदृश्य, स्पर्श, पाठ्य, मौखिक, स्थानीय) को सङ्कलन, निर्माण र पाठ्यवस्तुअनुकूल प्रयोग प्रक्रिया निर्धारण गर्न,<br>नेपाली शिक्षणमा उपयोग गर्न सकिने नवीनतम शिक्षण प्रविधि (कम्प्युटर, मोबाइल, टिम्स, जुम र गुगल मिट) को परिचय दिन । | ***एकाइ चार : शिक्षण सामग्री निर्माण र प्रयोग (५+५ = १०)***<br>४.१ शिक्षण सामग्रीको परिचय<br>४.२ नेपाली भाषा शिक्षणमा शिक्षण सामग्रीको आवश्यकता<br>४.३ नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीका प्रकार<br>४.३.१ श्रव्य सामग्रीको परिचय, सङ्कलन, निर्माण र प्रयोग<br>४३.२ दृश्य सामग्रीको परिचय, सङ्कलन, निर्माण र प्रयोग<br>४.३.३ श्रव्यदृश्य सामग्रीको परिचय, सङ्कलन, निर्माण र प्रयोग<br>४.३.४ मौखिक परिचय, सङ्कलन प्रयोग<br>सामग्रीको निर्माण र प्रयोग<br>४.३.५ स्पर्श सामग्रीको परिचय, सङ्कलन, निर्माण र प्रयोग<br>४.३.६ पाठ्य सामग्रीको परिचय, सङ्कलन, निर्माण र प्रयोग<br>४.३.७ स्थानीय सामग्रीको परिचय, सङ्कलन, निर्माण र प्रयोग<br>४.४ नेपाली शिक्षणमा उपयोग गर्न सकिने नवीन शिक्षण प्रविधिको परिचय र प्रयोग<br>४.४.१ कम्प्युटर र मोबाइल प्रविधिको परिचय र प्रयोग<br>४.४.२ प्रयोग टिम्स, जुम र गुगल मिटको प्रयोग |

तालिकाअनुसार यस एकाइमा शिक्षण सामग्रीको निर्माण र प्रयोगसम्बन्धमा चर्चा गरिएको देखिन्छ । तीनओटा विशिष्ट उद्देश्य निर्धारण गरी उक्त उद्देश्य पूरा गर्नका लागि चारओटा पाठ्यविषयको व्यवस्था गरिएको छ । यसमा शिक्षण सामग्रीको परिचय, नेपाली भाषा शिक्षणमा शिक्षण सामग्रीको आवश्यकता, नेपाली भाषा शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीका प्रकार र नेपाली भाषा

शिक्षणमा उपयोग गर्न सकिने नवीनतम शिक्षण प्रविधिको परिचय र प्रयोगबारे चर्चा गरिएको छ । उद्देश्य पूरा गर्न पाठ्यविषय पर्याप्त नै देखिन्छन् । उद्देश्यमा आवश्यकता औँल्याउन र प्रक्रिया निर्धारण गर्न जस्ता शब्दावलीले उद्देश्यको मापनीयतामा कठिनाइ उत्पन्न गरेको छ । पाठ्यांशमा 'टिम्स, जुम र गुगल मिटको प्रयोग' मात्र राखिएको छ जसलाई टिम्स, जुम र गुगल मिटको परिचय र प्रयोग बनाउनुपर्ने देखिन्छ । उक्त पाठ्यांशलाई पूरा गर्न दश पाठघन्टीको व्यवस्था गरिएको छ । पाठ्यांशमा पाठघन्टी भनेर उल्लेख नगरी खालि एकाइ शीर्षकको पछाडि कोष्ठकमा ५+५=१० मात्र उल्लेख गरिएकाले यसले अङ्कभार वा पाठघन्टी के सङ्केत गर्न खोजेको हो स्पष्ट देखिँदैन । उक्त कुरा स्पष्ट गर्नु जरूरी छ । साथै एकाइ अङ्कभार पनि उल्लेख गर्नुपर्ने देखिन्छ । यस एकाइमा भाषा शिक्षणमा प्रयोगमा ल्याउन सकिने स्थानीय सामग्रीदेखि आधुनिक नवीनतम प्रविधिहरु कम्प्युटर, मोबाइल, टिम्स, जुम र गुगल मिटका बारेमा पनि चर्चा गरिएको हुनाले नेपाली भाषा शिक्षणलाई स्थानीय सामग्रीसँग जोड्नुका साथै आधुनिक प्रविधिमैत्री शिक्षणका बारेमा पनि शिक्षकलाई योग्य बनाउने प्रयास गरिएको देखिन्छ ।

यसप्रकार पाठ्यविषयलाई चारओटा एकाइमा विभाजन गरी नेपाली भाषा शिक्षणका लागि आवश्यक विषयवस्तुको व्यवस्थापन गरिएको देखिन्छ । पाँच ओटा साधारण उद्देश्य र बाइस ओटा विशिष्ट उद्देश्य पूरा गर्नका लागि पाठ्यवस्तुलाई छनोट र स्तरणको सिद्धान्तलाई ख्याल गरी पाठ्यविषय व्यवस्थापन गरिएको छ । यसरी हेर्दा पाठ्यविषय खण्डमा समाविष्ट कुराहरु उपयुक्त नै देखिएका छन् ।

## शिक्षण प्रक्रिया

पाठ्यक्रमको लक्ष्य हासिल गर्नका लागि विषयवस्तु कसरी शिक्षण गर्ने भन्ने कुराको सूचनालाई शिक्षण प्रक्रिया भनिन्छ । उचित शिक्षण विधिको अभावमा सान्दर्भिक उद्देश्य, महत्त्वपूर्ण विषयवस्तु र उपयुक्त मूल्याङ्कनका साधन पनि निरर्थक हुन्छन् (निकोलास र निकोलास, सन् १९७२, पृ. ५७) । त्यसकारण पाठ्यक्रमलाई कार्यान्वयन गर्ने महत्त्वपूर्ण तत्त्वको रूपमा शिक्षण प्रक्रियालाई लिइन्छ । शिक्षण विधि, शिक्षण सामग्री र शिक्षण कार्यकलापहरुको समग्र रुपलाई शिक्षण प्रक्रिया भनिन्छ (शर्मा र पौडेल, २०६०, पृ. ३३५) । पाठ्यवस्तुलाई उद्देश्यानुरुप शिक्षण गर्नका लागि आवश्यक पर्ने शिक्षण पद्धति, विधि, प्रविधि र सामग्रीहरुलाई शिक्षण प्रक्रिया शीर्षकमा व्यवस्थित गरिएको हुन्छ । यस पाठ्यांशमा शिक्षण प्रक्रियालाई प्रायोगिक क्रियाकलाप र शिक्षण प्रविधि भनिएको छ । यसलाई पनि साधारण र विशिष्ट प्रविधि भनी दुई भागमा विभाजन गरिएको छ । साधारण शिक्षण प्रविधिअन्तर्गत प्रत्येक एकाइमा आवश्यकताअनुसार शिक्षकद्वारा सम्बन्धित विषयवस्तुको प्रस्तुति, व्याख्यान, छलफल, प्रश्नोत्तर गराई विद्यार्थीहरूलाई तत्सम्बन्धी अभ्यास गर्न लगाइने छ भनेर समग्र पाठ्यांशको प्रविधिको बारेमा चर्चा गरिएको छ भने विशिष्ट प्रविधि अन्तर्गत प्रत्येक एकाइका लागि गरिने प्रायोगिक कार्य र क्रियाकलापको उल्लेख गरिएको छ (शिक्षाशास्त्र सङ्काय, २०८०, पृ. २५१ - २५५) । विशिष्ट शिक्षण प्रविधिको चर्चा यसप्रकार गरिएको छ :

**तालिका ५**

*प्रायोगिक कार्य*

| क्रस. | एकाइ | प्रायोगिक कार्य |
|---|---|---|
| १ | एकाइ एक : नेपाली भाषापाठ्यक्रमको अध्ययन (१०) | एकल कार्यका रूपमा भाषापाठ्यत्रमको ढाँचाअनुरूप कुनै विधाको नमुना पाठ्यक्रम निर्माण र कक्षाप्रस्तुति<br>युगल कार्यका रूपमा भाषापाठ्यत्रमको ढाँचाअनुरूप कुनै कक्षाको नमुना पाठ्यक्रम निर्माण र प्रतिनिधिमूलक प्रस्तुति,<br>नेपाली भाषापाठ्यक्रम.(वि.सं. २०२८ पूर्व) का गतिविधि समेट्ने गरी समूहगत गोष्ठीपत्र निर्माण र कक्षाप्रस्तुति,<br>समूह कार्यका रूपमा माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम (वि.सं.२०२८ र २०७८) मा समाविष्ट विधाको क्षेत्र र पाठ्यवस्तुको तुलनात्मक अध्ययन, प्रस्तुति र अन्तर्क्रिया,<br>परियोजना कार्यका रूपमा आधारभूत तहको कुनै कक्षा ( ६, ७ र ८) का नेपाली पाठ्यत्रमको समूहगत अध्ययन र प्रस्तुति |
| २ | एकाइ दुई : नेपाली भाषापाठ्यपुस्तकको अध्ययन (१०) | वैयक्तिक कार्यका रूपमा भाषापाठ्यपुस्तक निर्माणको ढाँचाअनुरूप निश्चित कक्षाका लागि कुनै विधाको नमुना पाठनिर्माण, प्रस्तुति र टिप्पणी,<br>ससाना समूहमा भाषापाठ्यपुस्तक निर्माणको ढाँचाअनुरूप फरकफरक कक्षाका लागि नमुना पाठ्यपुस्तक निर्माण, प्रस्तुति र छलफल,<br>समूह कार्यका रूपमा आधारभूत तह (कक्षा ६, ७ र ८) को कुनै कक्षाको वर्तमान नेपाली पाठ्यपुस्तकको समीक्षा र नमुना प्रस्तुति,<br>भाषापाठ्यपुस्तकका आन्तरिक विशेषताका शीर्षकलाई समूहगत रूपमा छुट्याई माध्यमिक तह ( कक्षा ९ र १०) का वर्तमान नेपाली पाठ्यपुस्तकमा आधारित अध्ययनपत्रको नमुना निर्माण र प्रस्तुति । |
| ३ | एकाइ तीन : अध्यापन योजना निर्माण (७ ) | समूहगत छलफल गरी अध्यापन योजना र वार्षिक क्यालेन्डरको रूपरेखा निर्माण,<br>कार्ययोजना र एकाइ योजना निर्माणको ढाँचा र प्रयोगसन्दर्भमा ससानो समूहमा छलफल,<br>वैयक्तिक रूपमा कार्ययोजना र एकाइ योजनाको नमुना निर्माण र कक्षा प्रस्तुति,<br>विविध विधा र भाषातत्त्वमा आधारित दैनिक पाठयोजना र लघु पाठयोजनाका ढाँचा निर्माण,<br>निर्मित पाठयोजनाबारे सहपाठी साथीबिच अन्तर्क्रिया र सुझाव आदानप्रदान,<br>लघु पाठयोजनाअनुरूप नमुना शिक्षणको अभ्यास । |
| ४ | एकाइ चारः शिक्षण सामग्री निर्माण र प्रयोग (५) | विधाको प्रकृति र भाषातत्त्वअनुरूप शिक्षण सामग्री ( श्रव्य, दृश्य, श्रव्यदृश्य, स्पर्श, पाठ्य, मौखिक, स्थानीय) को सङ्कलन र निर्माणको व्यक्तिगत अभ्यास,<br>सङ्कलित र निर्मित शिक्षण सामग्रीको पाठ्यवस्तु अनकूल प्रतिनिधिमूलक प्रयोग प्रस्तुति र पारस्परिक सुझाव,<br>भाषा शिक्षणका सम्भाव्य नवीन शिक्षण प्रविधि शीर्षकमा समूहगत गोष्ठीपत्र लेखन, प्रस्तुति र छलफल । |

तालिकाअनुसार विशिष्ट शिक्षण प्रविधिको प्रायोगिक कार्यका लागि एकल कार्य, युगल कार्य वा समूहगत कार्य र परियोजना कार्यका रुपमा कार्यको विभाजन गरिएको देखिन्छ । एकाइ एकका लागि दश पाठघन्टी छुट्याएर प्रायोगिक कार्यका रुपमा पाँचओटा प्रायोगिक कार्यहरु दिइएको छ । यस एकाइका लागि एउटा एकल कार्य बाँकी चारओटा समूहगत कार्यका रुपमा दिइएको छ । एकाइ दुईका लागि पाठघन्टी दश छुट्याएर चारओटा प्रायोगिक कार्यहरु छुट्याएको छ । यसमा एउटा वैयक्तिक र तीनओटा समूहगत कार्य दिइएको छ । एकाइ तीनमा वैयक्तिक र समूहगत रुपमा छओटा प्रायोगिक कार्यहरु दिएर सात पाठघन्टी छुट्याइएको छ । त्यसैगरी एकाइ चारमा व्यक्तिगत र समूहगत रुपमा गर्नुपर्ने गरी तीनओटा प्रायोगिक कार्य दिई पाँच पाठघन्टी छुट्याइएको छ । यसबाट विद्यार्थीहरु एक्लै र समूहगत रुपमा समस्याको समाधान गर्न सक्ने क्षमताको विकास हुने देखिन्छ । यसमा विद्यार्थीको विद्यालय तहमा गराइने सुनाइ, बोलाइ सिपको विकास कसरी गराउने भन्ने कुराको परियोजना कार्य पनि समावेश गरेको भए अझ प्रभावकरी हुने देखिन्छ । साथै उक्त कार्यहरुको तयारी प्रस्तुतीकरणले विद्यार्थीहरुमा भाषा शिक्षण कौशलको विकास गराउने देखिएको छ ।

तालिका ६ अनुसार विशिष्ट शिक्षण प्रविधिका क्रियाकलापलाई एकाइगत रुपमा व्यवस्थित गरिएको देखिन्छ । एकाइ एक शिक्षण गर्दा चारओटा क्रियाकलाप विद्यार्थीलाई गराउनुपर्ने व्यवस्था गरिएको छ । एकाइ दुईमा चारओटा, एकाइ तीनमा छओटा र एकाइ चारमा तीनओटा क्रियाकलापहरु राखिएको छ । यी क्रियाकलापहरुमा समग्र पाठ्यविषयलाई समेट्ने प्रयास गरिएको छ । क्रियाकलापहरु अध्ययन गर्दा विद्यार्थीलाई सक्रिय बनाउने र पाठ्यविषयको अध्ययनमा रूचि जगाउन सक्ने देखिन्छन् । विद्यार्थीहरुलाई एकाइ एकमा पाठ्यक्रमको तुलना गर्न लगाउने, परियोजना कार्यका रुपमा पाठ्यक्रमको ढाँचा तयार पार्न लगाउने, पाठ्यक्रमको अध्ययन गरी प्रतिवेदन तयार पार्न लगाउने, पाठ्यक्रमको उपलब्धि केलाउन लगाउने जस्ता क्रियाकलाप राखिएको छ । एकाइ दुईमा गृहकार्य गर्न लगाउने, नमुना पाठ बनाउन लगाउने, पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्न लगाउने, अध्ययन पत्र लेख्न लगाउने र एकाइ तीनमा वार्षिक क्यालेन्डरको रुपरेखा तयार पार्न लगाउने, कार्ययोजना, एकाइ योजना, पाठयोजना र लघु पाठयोजना बनाई सहपाठीहरुसँग छलफल गर्न लगाउने जस्ता क्रियाकलाप राखिएको छ । एकाइ चारमा शिक्षण सामग्रीको आवश्यकता बुझी विधाको प्रकृति र भाषातत्त्वअनुरुप शिक्षण सामग्री सङ्कलन, निर्माण र प्रयोग गर्ने तरिकाबारे छलफल गर्न लगाउने जस्ता क्रियाकलाप समेटिएको छ ।

यसरी यस पाठ्यांशमा प्रयुक्त व्याख्यान, प्रश्नोत्तर, छलफल तथा गृहकार्य, कक्षाकार्य, परियोजना कार्यको प्रस्तुतीकरण जस्ता साझा क्रियाकलापलाई साधारण र कुनै निश्चित एकाइअन्तर्गतका पाठ्यवस्तु अध्यापन गर्न प्रयोग गरिने शिक्षण प्रविधिलाई विशिष्ट शिक्षण प्रविधिअन्तर्गत राखिएको छ । पाठ्यांशमा उल्लेख गरिएका सबै विशिष्ट क्रियाकलाप विद्यार्थी केन्द्रित छन् । विशिष्ट शिक्षण प्रविधिमा विद्यार्थीहरूलाई विभिन्न क्रियाकलापमा संलग्न गराइने कुरा उल्लेख छ । विद्यार्थीलाई उत्प्रेरणा जगाउने र विषयको ज्ञानलाई जाँच्ने जस्ता क्रियाकलाप समावेश गरिएको छैन । यसका साथै विद्यार्थीले कक्षामा सिकेका कुरालाई आफ्नो व्यावहारिक जीवनको कहाँनेर प्रयोग हुनसक्छ त भन्ने क्रियाकलापलाई पनि समावेश गर्न सकेमा शिक्षण क्रियाकलाप अझ प्रभावकारी हुने देखिन्छ ।

**तालिका ६**

*शिक्षण क्रियाकलाप*

| एकाइ | क्रियाकलाप |
|---|---|
| एक | पद्धतिनिष्ठ, प्रबन्धनिष्ठ र प्रयोजनपरक पाठ्यक्रमबिच तुलना गरी प्राप्त निष्कर्ष प्रतिनिधि विद्यार्थीलाई कक्षामा प्रस्तुत गर्न लगाउने,<br>विद्यार्थीलाई परियोजना कार्यका रूपमा भाषापाठ्यक्रमको ढाँचा अनुरूप कुनै विधा वा कक्षाको नमुना पाठ्यक्रम निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने, त्यसपछि सहभागीका बिचमा परस्पर छलफल गराई पृष्ठपोषण प्रदान गर्ने,<br>वि.सं. २०२८ पूर्वका नेपाली भाषा पाठ्यक्रमका गतिविधि समेटेर तयार पारिएको नमुना प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाई समूहगत छलफल गराउने र अन्त्यमा सबलीकरणका लागि सुझाव दिने,<br>माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रम (वि.सं.२०२८ र २०७८) मा समावेश गरिएका विधाको क्षेत्र र पाठ्यवस्तुका विशेषताको तुलना गरी त्यसको निष्कर्ष कक्षामा प्रस्तुत गर्न निर्देशन दिने र केही विद्यार्थीको नमुना प्रस्तुतिपछि पृष्ठपोषण प्रदान गर्ने ।<br>कक्षाका समग्र विद्यार्थीलाई तीन समूहमा बाँडी प्रत्येक समूहलाई आधारभूत तह (वि.सं.२०७७) अन्तर्गत कुनै कक्षाको नेपाली पाठ्यक्रमको उपलब्धि केलाई कक्षामा प्रस्तुत गर्न लगाउने । |
| दुई | २.१ देखि २.६ सम्मको पाठ्यांश गृहकार्यका रूपमा दिई केही विद्यार्थीको कक्षाप्रस्तुतिलाई आधार बनाई हौसला बढाउन अभिप्रेरणा प्रदान गर्ने,<br>भाषापाठ्यपुस्तक निर्माणका आधारमा निश्चित तह वा कक्षाका लागि नमुना पाठ बनाई समूहगत रूपमा सेमिनार गर्न निर्देशन दिने र आवश्यकताअनुसार पुनर्बल प्रदान गर्ने,<br>माध्यमिक तह (वि. सं. २०२८ र २०६४) का नेपाली भाषापाठ्यपुस्तकका आन्तरिक विशेषताका शीर्षकलाई समूहगत रूपमा छुट्याई तुलनात्मक अध्ययन गर्न लगाउने र कक्षाप्रस्तुतिपछि सबलीकरणका लागि सुझाव दिने,<br>आधारभूत तह वा माध्यमिक तहका वर्तमान नेपाली भाषापाठ्यपुस्तकका खासखास पक्षमा केन्द्रित भई अध्ययनपत्र लेख्न लगाउने र पृष्ठपोषणका लागि सामूहिक सुझाव दिने । |
| तीन | अध्यापन योजनाबारे समूहगत छलफल गरी वार्षिक क्यालेन्डरको रूपरेखा तयार गर्न निर्देशन दिने,<br>कार्ययोजना र एकाइ योजना निर्माणको ढाँचा र प्रयोगबारे विद्यार्थीबिच समूहगत रूपमा पर्याप्त छलफल गर्न लगाउने,<br>प्रत्येक विद्यार्थीलाई कार्ययोजना र एकाइ योजनाका नमुना बनाउन लगाई कक्षामा प्रस्तुत गर्न लगाउनेर अन्त्यमा पुनर्बल प्रदान गर्ने,<br>प्रत्येक विद्यार्थीलाई विविध विधा र भाषातत्त्वसँग सम्बद्ध दैनिक पाठयोजना र लघु पाठयोजनाका नमुना बनाउन निर्देशन दिने,<br>निर्मित पाठयोजनामध्ये केही पाठयोजना कक्षामा प्रस्तुत गर्न लगाई सहपाठीबिच पर्याप्त छलफल गराउने र अन्त्यमा सुधारात्मक सुझाव दिने,<br>विद्यार्थीलाई लघु पाठयोजनाको ढाँचाअनरूप नमुना शिक्षणको अभ्यास गराउने र सहपाठी साथीहरूलाई पनि कक्षा मूल्याङ्कनका लागि अभिप्रेरित गर्ने । |
| चार | शिक्षण सामग्रीको आवश्यकता र औचित्यका बारेमा छलफल गरी समूहगत निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउने,<br>विधाको प्रकृति र भाषातत्वअनुरूप शिक्षण सामग्री (श्रव्य, दृश्य, श्रव्यदृश्य, मौखिक र स्पर्श) को सङ्कलन, निर्माण र सन्दर्भानुकूल प्रयोग गर्न बनाइएको समूहगत ढाँचा कक्षामा प्रस्तुत गर्न लगाउने र फरक समूहलाई टिप्पणी गर्न निर्देशन दिने,<br>नेपाली साहित्यका विविध विधा र भाषातत्त्वको शिक्षणमा उपयोग गर्न सकिने नवीन शिक्षण प्रविधिको सम्भावनाबारे खोजी गरी समूहगत प्रतिवेदन बनाई कक्षामा प्रस्तुत गर्न लगाउने र अन्त्यमा पृष्ठपोषण प्रदान गर्ने । |

## मूल्याङ्कन प्रक्रिया

सिकाइ उपलब्धि भए नभएको जाँच्ने काम मूल्याङ्कनमा गरिन्छ । कार्यक्रमको अन्त्यमा के कति उद्देश्य प्राप्त भए भनी लेखाजोखा गर्ने काम मूल्याङ्कन हो भने यसले कार्यक्रमका समस्या समाधानमा काम गर्छ (टाबा, सन् १९६२, पृ. ३७७) । पाठ्यक्रम र पठनपाठनका कमीकमजोरीलाई हटाउनका लागि मूल्याङ्कनको जरूरत पर्छ । यसलाई पाठ्यक्रमको एउटा चरणको रूपमा लिन सकिन्छ, जसले अपेक्षित उपलब्धि र वास्तविक उपलब्धिका बिचमा तुलना गरी पाठ्यक्रममा भएका कमीकमजोरीलाई सुधार गर्न आवश्यक पृष्ठपोषण प्रदान गर्छ (निउरे, २०७४, पृ.१९२) । नेपाली भाषा शिक्षण पाठ्यांशमा मूल्याङ्कन प्रक्रियाअन्तर्गत आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ ।

आन्तरिक मूल्याङ्कनलाई चालिस प्रतिशत अङ्क छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनलाई पनि नियमित आन्तरिक मूल्याङ्कन र प्रयोगात्मक आन्तरिक मूल्याङ्कनमा विभाजन गरिएको छ । नियमित आन्तरिक मूल्याङ्कनमा उपस्थितिलाई तीन अङ्क, सहभागितालाई दुई अङ्क, पहिलो आन्तरिक मूल्याङ्कनलाई पाँच अङ्क, दोस्रो आन्तरिक मूल्याङ्कनलाई दश अङ्क र तेस्रो आन्तरिक मूल्याङ्कनलाई पाँच अङ्क गरी पच्चिस अङ्क छुट्याइएको छ । प्रयोगात्मक आन्तरिक मूल्याङ्कनमा भाषापाठ्यक्रमको अध्ययन, आधारभूत तह भाषापाठ्यपुस्तकको अध्ययन र अध्ययन पत्र लेखन तथा प्रस्तुतिलाई पाँच पाँच अङ्क गरी पन्ध्र अङ्क छुट्याइएको छ । यसका लागि विद्यार्थीहरुलाई छुट्टाछुट्टै शीर्षक दिई अध्ययन पत्र तयार पार्न लगाइने र त्यसको मूल्याङ्कनका लागि विषय शिक्षक, विषय विशेषज्ञ र विभागीय प्रमुख रहने गरी समिति निर्माण गरी मूल्याङ्कन गरिने व्यवस्था गरिएको छ ।

बाह्य मूल्याङ्कनका लागि साठी अङ्क छुट्याइएको छ । बाह्य मूल्याङ्कनलाई पनि सैद्धान्तिक र प्रयोगात्मक गरी दुई खण्डमा विभाजन गरिएको छ । सैद्धान्तिक खण्डको चालिस अङ्कलाई बहुवैकल्पिक प्रश्न दश अङ्कको र सङ्क्षिप्त उत्तरात्मक प्रश्न तिस अङ्कको गरी जम्मा चालिस अङ्कको त्रिवि शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालयले सत्रान्तमा सैद्धान्तिक परीक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । प्रयोगात्मक कार्यको लागि पुस्तक समीक्षा पाँच अङ्क, कार्यमूलक अनुसन्धान पाँच अङ्क, नेपाली भाषाशिक्षणका समस्यामा आधारित गोष्ठी सञ्चालन पाँच अङ्क र जर्नलमा प्रकाशित लेखको समीक्षा पाँच अङ्क गरी जम्मा बिस अङ्क निर्धारण गरिएको छ । प्रयोगात्मक कार्यको बाह्य मूल्याङ्कनका लागि विषय शिक्षक, विषय विशेषज्ञ र विभागीय प्रमुखसहितको समिति गठन गरिने र त्यही समितिले बाह्य मूल्याङ्कन गर्ने व्यवस्था गरिएको देखिन्छ । समग्रमा यस पाठ्यांशमा समाविष्ट मूल्याङ्कन प्रक्रियाको आन्तरिक मूल्याङ्कन सैद्धान्तिक रूपमा उपयुक्त भए पनि व्यावहारिक रूपमा असहज छ, किनभने विद्यार्थीमा आन्तरिक रूपमा मूल्याङ्कन हुने सबै परीक्षाप्रति सकारात्मक धारणा बसिसकेको छैन ।

## पाठ्यपुस्तक र सन्दर्भ सामग्री

पाठ्यक्रमअनुसार तयार पारिएका सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ भने थप विस्तृतीकरण भएका सामग्रीलाई सन्दर्भपुस्तक भनिन्छ । पाठ्यक्रमको मर्म र अपेक्षाअनुसार उद्देश्य र पाठ्यवस्तुको सीमामा रही तयार भएका सामग्री पाठ्यपुस्तक हुन् भने थप अभ्यासात्मक सामग्रीलाई सन्दर्भपुस्तक भनिन्छ (शर्मा र पौडेल, २०६०, पृ. ३३७) । पाठ्यसामग्रीमा विभिन्न पुस्तक समावेश गरिएका हुन्छन् । जसले विद्यार्थीहरूलाई विषयवस्तुको सैद्धान्तिक र प्रायोगिक पक्षमा ज्ञान लिन सहयोग गर्छ । यस पाठ्यांशमा यसलाई प्रमुख पाठ्यसामग्री र सन्दर्भ सामग्री गरी दुई शीर्षकमा बाँडेर व्यवस्थित गरिएको छ । प्रमुख पाठ्यसामग्रीहरु नौओटा सिफारिस गरिएको छ । नौओटामध्ये आठओटा नेपाली भाषाकै राखिएका छन् भने अन्तमा एउटा शिक्षा विज्ञान तथा प्रविध मन्त्रालयको वेभसाइट राखिएको छ (शिक्षाशास्त्र सङ्काय, २०८०, पृ. २५७-२५८) । यो सामग्रीले अनिश्चितता कायम गरेको छ, किनभने कहिले के शीर्षकका सामग्रीको उपयोग गर्ने हो त्यस्ता सामग्री निश्चित गरिएको देखिँदैन । सन्दर्भ सामग्री शीर्षकमा तेइसओटा सामग्रीहरु राखिएको छ । तीमध्ये नेपाली भाषाका चारओटा, हिन्दी भाषाका तीनओटा र अङ्ग्रेजी भाषाका पन्ध्रओटा समावेश गरिएको छ । उपलब्धता र विषयवस्तुका दृष्टिले पाठ्यांशमा छानिई सन्दर्भसूचीमा उल्लेख गरिएका सामग्री उपयुक्त नै देखिन्छन् । तर सम्बन्धित निकायले यस विषयका विषय विज्ञको सहायता लिई आधिकारिक पाठ्यसामग्री निर्माण गरी लागू गर्नु पर्ने देखिन्छ । तर प्रमुख पाठ्यसामग्रीमा समाविष्ट नौओटा पाठ्यसामग्री कुन पाठ्यसामग्री कुन एकाइका लागि सिफारिस गरिएको हो त्यो पनि खुलाएको भए उपयुकत हुने देखिन्छ । प्रस्तुत गरिएका पाठ्यसामग्री र सन्दर्भ सामग्री कुन शैलीमा राखिएको हो स्पष्ट देखिँदैन । पाठ्यसामग्रीलाई एपिए सातौँ संस्करणअनुसार राख्दा उपयुक्त हुने देखिन्छ किनकि विद्यार्थीहरुलाई पनि त्यसले शैलीको ज्ञान दिन मदत गर्ने देखिन्छ । भाषाशिक्षणको ज्ञान दिने सामग्री अनुसन्धानात्मक लेख र वेभसाइटका सामग्रीहरूलाई पनि सन्दर्भ सामग्रीमा समावेश गर्न सके अझ प्रभावकारी हुन्छ ।

## निष्कर्ष

यस पाठ्यांशमा नेपाली भाषाशिक्षणको आधारभूत ज्ञान समावेश गरिएको छ । यसमा नेपाली भाषापाठ्यक्रमको अध्ययन, नेपाली भाषापाठ्यपुस्तकको अध्ययन, अध्यापन योजना र शिक्षण सामग्री निर्माण र प्रयोग समावेश गरिएको छ । पाठ्यांश शीर्षकमा पूर्णाङ्क, उत्तीर्णाङ्क र यो विषय अनिवार्य, ऐच्छिक वा थप ऐच्छिक के हो भन्ने सूचनाबाहेक सबै कुराहरु समावेश गरिएको छ । पाठ्यांश परिचय र उद्देश्य खण्ड पाठ्यक्रमकै ढाँचामा निर्माण गरिएको पाइन्छ । नेपाली मूल विषय लिई स्नातक उत्तीर्ण विद्यार्थीहरु यस कार्यक्रममा सहभागी हुन पाउने कुरा परिचय खण्डमा उल्लेख गरिएको छ भने उद्देश्यहरु साधारण र विशिष्ट गरी दुई प्रकारका राखिएको छ । साधारण उद्देश्य पाँच ओटा छन् भने विशिष्ट उद्देश्यहरु पाठ्यविषयसँगै राखिएको छ । विशिष्ट उद्देश्यअनुसार पाठ्यविषय निर्धारण गरिएको छ । नेपाली भाषापाठ्यक्रमअन्तर्गत नेपाली भाषापाठ्यक्रमको

परिचय, प्रकार तथा पाठ्यक्रमको ढाँचा र नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक पृष्ठभूमिसहित पाठ्यक्रमअनुरुपताका आधारमा विद्यालय तहको नेपाली पाठ्यक्रमको अध्ययनलाई समावेश गरिएको छ । नेपाली भाषापाठ्यपुस्तकको अध्ययनमा भाषा पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यपुस्तकको ऐतिहासिक पृष्ठभूमि र आन्तरिक तथा बाह्य विशेषताका आधारमा आधारभूत तथा माध्यमिक तहका नेपाली भाषापाठ्यपुस्तकको अध्ययनलाई समावेश गरिएको छ । अध्यापन योजना निर्माणअन्तर्गत वार्षिक योजना, कार्ययोजना, एकाइ योजना, दैनिक पाठयोजना र लघुपाठयोजना निर्माण र प्रयोगलाई समावेश गरिएको देखिन्छ । त्यसैगरी शिक्षण सामग्री निर्माण र प्रयोगअन्तर्गत श्रव्य, दृश्य, श्रव्यदृश्य, मौखिक, स्पर्श, पाठ्य, स्थानीय सामग्री र नेपाली भाषाशिक्षणमा उपयोगमा ल्याउन सकिने नवीनतम प्रविधि टिम्स, जुम र गुगल मिटलाई समावेश गरिएको देखिन्छ । यसले भाषाशिक्षणमा स्थानीय सामग्रीको प्रयोगदेखि आधुनिक नवीन शिक्षण प्रविधिको प्रयोगमा शिक्षकलाई योग्य बनाउन सकिने देखिन्छ ।

शिक्षण प्रक्रियालाई बढी प्रयोगमूलक र व्यावहारिक बनाउन खोजेको देखिन्छ । साधारण र विशिष्ट दुई समूहमा विभाजन गरी प्रत्येक एकाइलाई शिक्षकले प्रयोग गर्न सक्ने विषयको प्रस्तुति, व्याख्यान, छलफल, प्रश्नोत्तर जस्ता विधिहरुलाई साधारण प्रविधिअन्तर्गत र निश्चित एकाइका लागि विशेष प्रायोगिक कार्य र शिक्षण विधि निर्धारण गरी विशिष्ट शिक्षण प्रविधिमा राखिएको देखिन्छ । जुन शिक्षण सिकाइ गतिविधिलाई अघि बढाउन निकै उपयोगी रहेको छ । मूल्याङ्कन प्रक्रियालाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँडिएको छ । आन्तरिक मूल्याङ्कन ४० प्रतिशत र बाह्य मूल्याङकनलाई ६० प्रतिशत अङ्क छुट्याइएको छ । आन्तरिक मूल्याङ्कनको जिम्मा सम्बन्धित क्याम्पसलाई दिएको छ भने बाह्य मूल्याङ्कन शिक्षाशास्त्र डिनको कार्यालयले परीक्षा सञ्चालन गरेर गर्ने व्यवस्था गरिएको छ । सन्दर्भ सामग्रीलाई प्रमुख पाठ्यसामग्री र सन्दर्भ सामग्री गरी दुई खण्डमा राखिएको पाइन्छ । प्रमुख पाठ्यसामग्रीअन्तर्गत नौ ओटा नेपाली भाषाका पाठ्यसामग्रीलाई समावेश गरिएको छ भने सन्दर्भ सामग्रीअन्तर्गत नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका तेइस ओटा पाठ्यसामग्री समावेश गरिएको देखिन्छ । उपलब्धताको आधारमा पाठ्यसामग्री र सन्दर्भ सामग्रीको छनोट उपयुक्त भए पनि प्रमुख पाठ्यसमग्रीमा समाविष्ट वेभसाइटले अस्पष्टता ल्याएको छ भने सन्दर्भ सामग्रीमा वेभसाइटमा राखिएका अनलाइन सामग्री र अनुसन्धनात्मक लेखलाई समावेश नगरिनु यस पाठ्यांशका कमजोरी देखिन्छन् । साथै सामग्रीलाई एपिए सातौँ संस्करणअनुसार राखेमा विद्यार्थीमा सन्दर्भ सामग्री व्यवस्थित गर्ने ज्ञान सिपको विकास पनि हुने देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, भारती (२०७९). माध्यमिक नेपाली भाषापाठ्यक्रमको समीक्षात्मक मूल्याङ्कन. *इन्नोभेटिभ रिसर्च जर्नल, १* (१), पृ. २११-२१७) । https://doi.org/10.3126/irj.v1i1.52520

चतुर्वेदी, शिखा (सन् २००८). *हिन्दी शिक्षण.* विनय र खेजा आर.लाल बुक डिपो ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय (२०८०). *पिजिडिई पहिलो सेमेस्टर पाठ्यक्रम.* त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय ।

निउरे, ध्रुब प्रसाद (२०७४). *पाठ्यक्रम अभ्यास.* क्वेस्ट पब्लिकेसन प्रा.लि.।

पौडेल, नेत्रप्रसाद र तीर्थराज, खतिवडा (२०६७). *नेपाली भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, सुरज (२०७९). कक्षा दशको नेपाली पाठ्यक्रम (२०७१) को विश्लेषण. *अवधारणा, ७* (१), पृ. ६३-७१ । https://doi.org/10.3126/awadharana.v7i1.49375

भट्ट, महेशप्रसाद र पोखरेल, कृष्णप्रसाद (२०८०). पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको विश्लेषण. *इन्नोभेटिभ रिसर्च जर्नल, ३* (२), पृ. १२५-१३३ । https://doi.org/10.3126/irj.v3i2.61812

भण्डारी, पारसमणि र पोखरेल, केशवराज (२०७५). *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन.* विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, कृष्ण (२०७४). *नेपाली भाषा साहित्य शिक्षण पाठ्यक्रमको विश्लेषण*, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिवि, नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण.* न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६८). *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* . विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०६८). *नेपालमा शिक्षाको इतिहास भाग १* (चौथो संस्क.). मकालु प्रकाशन गृह ।

शर्मा, गोपीनाथ (२०७१). *नेपालमा शिक्षाको इतिहास भाग २.* मकालु प्रकाशन गृह ।

श्रीवास्तव, रविन्द्रनाथ (सन् १९९२). *भाषा शिक्षण.* वाणी प्रकाशन ।

सिंह, कर्ण (२०१५/२०१६). *हिन्दी शिक्षण.* गोविन्द प्रकाशन ।

Nicholls, A., & Nicholls, S. H. (1972). *Developing a curriculum: A practical guide* (1st ed.). Routledge. https://doi.org/10.4324/9780429454172.

Sharma, R. N. ( 2079). An evaluation of one year B. Ed. program of Tribhuvan University. *the lujbini journal of language and literature, 3* (1), Pp. 30-38. https://doi.org/10.3126/ljll.v3i1.50490

Taba, H. (1962). *Curriculum development: Theory and practice*. Harcourt Brace Jovanovich.

Woolcock, M. (2006). *Constructing Syllabus: a handbook for faculty, teaching assistants and teaching fellows* (3rd ed.). The harriet W. sheridan cetner for teaching and learning.